राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

वर्ष ७ अंक २६१ २०८३ वैशाख १२ गते शनिवार (25 May. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

## सुकुमवासी बस्ती हटाउने निर्णय विरुद्ध प्रदर्शन, एमालेको आपत्ति




दैनिक समाचारदाता
काठमाडौं, ११ वैशाख । सरकारले सुकुमवासी बस्ती खाली गराउने निर्णयको विरोधमा थापाथली क्षेत्रमा प्रदर्शन भएको छ भने प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले पनि उक्त निर्णयप्रति आपत्ति जनाएको छ।

थापाथलीमा स्थानीय तथा युवाहरूले सरकारविरुद्ध नारा लगाउँदै प्रदर्शन गरेका छन्। उनीहरूले 'डोजर आतंक बन्द गर', 'सुकुमवासीको आवास अधिकार सुनिश्चित गर' लगायतका नाराहरू लगाएका छन्। राष्ट्रिय जेनजी नागरिक अभियानको अगुवाइमा भएको प्रदर्शन थापाथलीबाट माइतीघर मण्डलासम्म र्‍याली निकाल्ने तयारी गरिएको छ।

सरकारले थापाथली, शंखमूल, शान्तिनगर र मनोहरा क्षेत्रका सुकुमवासी बस्ती खाली गराउन बिहीबार साँझदेखि माइकिङ गरेको थियो। सोही सूचनापछि केही बासिन्दाले आफ्ना सामान सार्न थालेका छन् भने केहीले बस्ती नछोड्ने अडान लिएका छन्।

प्रधानमन्त्री बालेन शाहले वैशाख ९ गते सुरक्षा निकायका प्रमुखहरूलाई सुकुमवासी बस्ती खाली गराउन निर्देशन दिएका थिए। सोही निर्देशनअनुसार काठमाडौंका प्रमुख जिल्ला अधिकारी ईश्वरराज पौडेलको अध्यक्षतामा बसेको जिल्ला सुरक्षा समितिको बैठकले बस्ती हटाउने निर्णय गरेको हो। पहिलो चरणमा चार स्थानमा डोजर प्रयोग गर्ने तयारी गरिएको छ।

उता, नेकपा एमालेले सुकुमवासी बस्ती हटाउने सरकारी कदमप्रति कडा आपत्ति जनाउँदै यसलाई मौलिक अधिकार र सामाजिक न्यायविरुद्धको कार्य भनेको छ। पार्टीका प्रचार विभाग प्रमुख मीनबहादुर शाहीद्वारा जारी विज्ञप्तिमा सुकुमवासी समस्या सामाजिक, आर्थिक, सांस्कृतिक र ऐतिहासिक पृष्ठभूमिसँग जोडिएको जटिल विषय भएकाले बलपूर्वक हटाउने उपाय दिगो समाधान हुन नसक्ने उल्लेख गरिएको छ।

बाँकी पृष्ठ ३ मा

## वास्तविक सुकुमवासी पहिचान गर्न आयोगको आग्रह




दैनिक समाचारदाता
काठमाडौं, ११ वैशाख । मानव अधिकार आयोगले वास्तविक सुकुमवासीहरूको पहिचान गरी उनीहरूको उचित व्यवस्थापन गर्न सरकारलाई आग्रह गरेको छ।

आयोगका सहायक प्रवक्ता श्यामबाबु काफ्लेले विज्ञप्ति जारी गर्दै बागमती नदी किनारलगायत विभिन्न स्थानमा रहेका सुकुमवासी बस्ती हटाउने सरकारी निर्णयप्रति ध्यानाकर्षण गराउँदै यस्तो आग्रह गरेका हुन्। आयोगले यस विषयमा विगतमा दिएका सिफारिसहरूको कार्यान्वयनबारे जानकारी माग गर्दै सरकारलाई पत्रसमेत पठाएको जनाएको छ।

उता, सरकारले भोलि बिहानदेखि काठमाडौंका विभिन्न स्थानमा रहेका सुकुमवासी बस्ती हटाउन तयारी गरेको छ। यसका लागि सम्बन्धित बस्तीहरू खाली गराउन निर्देशनसमेत दिइसकेको छ।

## मधेश प्रदेशसभाको अधिवेशन आज मध्यरातदेखि अन्त्य

दैनिक समाचारदाता
जनकपुरधाम, ११ वैशाख । मधेश प्रदेश सभाको चालु अधिवेशन आज मध्यरातदेखि अन्त्य हुने भएको छ।

मधेश प्रदेश प्रमुखको कार्यालयले आज विज्ञप्ति जारी गर्दै मधेश प्रदेश मन्त्रिपरिषद्को सिफारिसमा नेपालको संविधानको धारा १८३ को उपधारा (२) बमोजिम प्रदेश प्रमुख सुरेन्द्रलाल कर्णले शुक्रबार राति १२:०० बजेदेखि लागु हुने गरी प्रदेशसभाको चालु अधिवेशन अन्त्य गरेको जनाएको छ।

मन्त्रिपरिषद्को यही वैशाख ९ गते बसेको बैठकले आज मध्यरातदेखि अधिवेशन अन्त्य गर्ने निर्णय गरेको थियो।

## महोत्तरीमा घरमै राहदानी वितरण सेवा सुरु

दैनिक समाचारदाता
जनकपुरधाम, ११ वैशाख । सेवाग्राहीलाई सहज र प्रभावकारी सेवा प्रदान गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय महोत्तरीले राहदानी वितरणमा नयाँ व्यवस्था लागू गरेको छ। अब राहदानी बनाउने सेवाग्राहीले आफ्नै घर ठेगानामै राहदानी प्राप्त गर्न सक्ने भएका छन्।

नेपाल सरकारको शासकीय सुधारसम्बन्धी १०० बुँदे कार्यसूचीअन्तर्गत बुँदा नं. २७ कार्यान्वयन गर्दै जिल्ला प्रशासन कार्यालय महोत्तरी र जिल्ला हुलाक कार्यालयबीच समझदारी भएपछि उक्त सेवा सुरु गरिएको हो।

सम्झौताअनुसार सेवाग्राहीले राहदानीका लागि आवेदन दिँदा उल्लेख गरेको ठेगानामा नेपाल हुलाक सेवामार्फत सुरक्षित रूपमा राहदानी पुऱ्याइनेछ। हुलाक कार्यालयले राहदानीको सुरक्षित ढुवानी, प्राप्तकर्ताको पहिचान पुष्टि गरी हस्तान्तरण गर्ने तथा वितरणसम्बन्धी अभिलेख राख्ने जिम्मेवारी लिनेछ।

यसअघि राहदानी लिन सेवाग्राही आफैं कार्यालय पुग्नुपर्ने बाध्यता रहेकामा नयाँ व्यवस्थाले समय, खर्च र झन्झट घटाउने विश्वास गरिएको छ। विशेषगरी ग्रामीण भेगका नागरिकलाई यसबाट बढी लाभ पुग्ने अपेक्षा गरिएको छ।

बाँकी पृष्ठ ३ मा

## सिरहा नगरपालिकामा विवादले सेवा प्रभावित




दैनिक समाचारदाता
सिरहा, ११ वैशाख । सिरहा नगरपालिकाभित्र कर्मचारीमाथि भएको दुर्व्यवहार र जनप्रतिनिधिसँग बढ्दो विवादका कारण कार्यालयको नियमित सेवा प्रवाह प्रभावित भएको छ।

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत विनयकुमार सोनुका अनुसार पछिल्लो समय कर्मचारी र केही जनप्रतिनिधिबीच उत्पन्न विवादका कारण कार्यालयको वातावरण असहज बन्दै गएको छ।


चैत २३ गते मेयरबाट कर्मचारीमाथि कुटपिट भएको घटनापछि स्थिति थप जटिल बनेको जनाइएको छ।

प्रमुख प्रशासकीय अधिकृत सोनुद्वारा जारी सूचनामा केही जनप्रतिनिधि तथा उनीहरू सम्बद्ध समूहले कार्यालयभित्र अनावश्यक हस्तक्षेप गर्दै कर्मचारीमाथि दबाब, धम्की र दुर्व्यवहार गर्ने प्रयास गरेको उल्लेख छ। यसका कारण प्रशासनिक कामकाजसँगै आर्थिक सेवा प्रवाहसमेत प्रत्यक्ष प्रभावित भएको नगरपालिकाले जनाएको छ।त्यसैगरी, वैशाख १० गते कर्मचारी बैठकको क्रममा कार्यालय प्रमुखसहित अन्य कर्मचारीमाथि दुर्व्यवहार भएको घटनाले कर्मचारीहरू सुरक्षित वातावरणमा काम गर्न नसक्ने अवस्था सिर्जना भएको बताइएको छ।

नगरपालिकाले वर्तमान परिस्थितिमा कार्यसम्पादन गर्न कठिनाइ भइरहेको जनाउँदै सरोकारवाला निकायहरूसँग आवश्यक सहजीकरण र सहयोगको माग गरेको छ। साथै प्रमुख प्रशासकीय अधिकृत केही समयका लागि कार्यालयमा अनुपस्थित रहने जानकारी दिँदै सेवा प्रवाहलाई वैकल्पिक रूपमा निरन्तरता दिने प्रयास भइरहेको जनाइएको छ।

उक्त विषयमा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, जिल्ला प्रशासन कार्यालय सिरहालगायत सम्बन्धित निकायलाई बोधार्थ पठाइएको छ।


अब अनलाइनबाट बुकिङ्गको सुविधा




- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्सिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- -दुखाइ बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# यससाता ओटीटीमा आउँदैछन् ११ फिल्म र सिरिज

हलमा 'धुरन्धर २' को सफलता र 'भूत बंगला'को स्थिर कमाइबीच शुक्रबार केही नयाँ फिल्म प्रदर्शनमा आउँदैछन्। शुक्रबारदेखि हलमा माइकल ज्याक्सनको बायोपिक फिल्म 'माइकल' र नेपाली फिल्म 'परालको आगो' लागेका छन्। ओटीटी प्लेटफर्ममा पनि यो साता दर्शकका लागि व्यस्त रहनेछ। यससाता डिजिटल स्क्रिनमा रोमान्स, एक्सन, थ्रिलर र ड्रामाको मिश्रण पाइनेछ। विशेष गरी, हिन्दी दर्शकका लागि '२४'को पुरानो याद ताजा गर्ने अवसर छ।



अनिल कपूर अभिनित यो सिरिज ओटीटीमा स्ट्रिम हुँदैछ। यससँगै मन छुने सामाजिक ड्रामा 'नुक्कड' नाटक पनि सार्वजनिक हुँदैछ। यो साताको चर्चित रिलिजमध्ये 'मार्टी सुप्रीम' पनि एक हो, जसमा टिमोथी सालामाले अभिनय गरेका छन् र उनलाई यसका लागि अस्कर मनोनयनसमेत मिलेको थियो।
चार्लीज थेरोन र टैरन एगर्टन अभिनित सर्वाइभल थ्रिलर 'एपेक्स' ले अस्ट्रेलियाको विकट भूभागमा लैजान्छ। 'रनिङ पोइन्ट'को दोस्रो सिजनमा केट हडसन मुख्य भूमिकामा देखिनेछिन्। मनोवैज्ञानिक थ्रिलर 'अन-चुजन' पनि चर्चामा छ, जहाँ मौली विंडसर र आसा बटरफिल्ड को अभिनय देख्न पाइन्छ।
यस साता ओटीटीमा आउने केही प्रमुख सामग्रीको छोटो विवरण :

*'२४' (अप्रिल २४, जियो हटस्टार)*
यो रियल टाइम एक्सन सिरिजमा एटीएस प्रमुख जय सिंह राठौरको कथा देखाइन्छ। समयसँग दौडिँदै ठूला खतराहरू रोक्ने उनको संघर्षलाई केन्द्रमा राखिएको छ। यसअघि टेलिभिजनमा आएको यो शो अब ओटीटीमा उपलब्ध हुनेछ।

*'नुक्कड नाटक' (अप्रिल २४, नेटफ्लिक्स)*
कलेजबाट निकालिएका दुई विद्यार्थीले आफ्नो गल्ती सुधार्न गरीब बालबालिकालाई पढाउन सहयोग गर्नुपर्ने कथा हो। यसले जिम्मेवारी र आत्मखोजको यात्रा देखाउँछ।

*'प्रतिछाया' (अप्रिल २४, जियो हटस्टार)*
मलयालम भाषामा बनेको राजनीतिक थ्रिलर हो। एक शक्तिशाली समूहले मुख्यमन्त्रीलाई षड्यन्त्रमा फसाउँछ। त्यसपछि उनका छोराले सत्य खोज्ने अभियान सुरु गर्छ।

*'मार्टी सुप्रीम' (अप्रिल २४, अमेजन प्राइम भिडियो)*
सन् १९५० को दशकको पृष्ठभूमिमा आधारित कथा हो। एक संघर्षरत जुत्ता बेच्ने युवक टेबल टेनिस च्याम्पियन बन्ने सपना देख्छ।

*'अन-चुजन (अप्रिल २१, नेटफ्लिक्स)*
एक शान्त जीवन बाँचिरहेकी महिलाको जीवन फरार कैदीसँग भेट भएपछि बदलिन्छ। कथा क्रमशः तनावपूर्ण बन्छ।

*'सानटिटा' (अप्रिल २२, नेटफ्लिक्स)*
एक दुर्घटनापछि पुरानो प्रेम फर्किंदा एक महिलाले आफ्नो विगतसँग जुध्नुपर्ने कथा।

*'सोल्ड आउट अन यू' (अप्रिल २२, नेटफ्लिक्स)*
दुई कामप्रेमी व्यक्तिबीचको सम्बन्ध र टकरावबाट सुरु हुने रोमान्टिक कथा।

*फ्लंक्ड (अप्रिल २३, नेटफ्लिक्स)*
एक ठगले जेलबाट बच्न स्कुलमा शिक्षक बनेर प्रवेश गर्छ र रोचक घटनाक्रम सुरु हुन्छ।

*'रनिङ पोइन्ट सिजन २' (अप्रिल २३, नेटफ्लिक्स)*
एनबीए टिमको व्यवस्थापनभित्रको राजनीति र संघर्षलाई केन्द्रमा राखिएको स्पोर्ट्स कमेडी।

*'एपेक्स' (अप्रिल २४, नेटफ्लिक्स)*
जंगलमा बाँच्न संघर्ष गरिरहेका पात्रबीचको खतरनाक खेल।

'इफ विसेस कूड किल' (अप्रिल २४, नेटफ्लिक्स)
एक रहस्यमय एपले इच्छा पूरा गर्छ, तर त्यसको मूल्य जीवनसँग जोडिएको हुन्छ।
समग्रमा, यो साता सिनेमाघर र ओटीटी दुवैतिर सामग्रीको राम्रो विकल्प देखिन्छ। दर्शकका लागि विविध स्वादका कथा हेर्ने अवसर खुलेको छ।

# 'राजा शिवाजी' को विशेष शो काठमाडौंमा

मुम्बई। बलिउड अभिनेता रितेश देशमुखको 'ड्रिम प्रोजेक्ट' मानिएको फिल्म 'राजा शिवाजी' नेपालमा पनि रिलिज हुने भएको छ। वितरण कम्पनी नेओम फिल्म्सका कश्यप नरेन्द्र वेद र नवीन उदासले फिल्म भारतसँगै नेपालमा पनि रिलिज हुने जनाए।

रिलिजकै दिन विशेष शो गर्ने वितरकको तयारी छ। जसमा भारतीय दूतावासका प्रतिनिधि, नेपाली सञ्चारकर्मी र सेलिब्रेटीको सहभागिता हुने जनाएको छ।

'साहस, नेतृत्व र स्वराजका प्रतीक छत्रपति शिवाजी महाराजको जीवन र दृष्टिकोणलाई नेपालमा प्रस्तुत गर्न पाउँदा हामी निकै उत्साहित छौं', वितरक कश्यप नरेन्द्र वेदले भने 'यो केवल एउटा फिल्मको प्रदर्शन मात्र नभई



भारत र नेपालबीचको गहिरो सांस्कृतिक र ऐतिहासिक सम्बन्धलाई थप बलियो बनाउने माध्यम पनि हो।'

दुवै राष्ट्रको वीरताको साझा इतिहास र आध्यात्मिक मूल्यमान्यताले पुस्तौंदेखि हामीलाई प्रेरित गर्दै आएको छ।' वितरक वेदले फिल्मको महत्वलाई ध्यानमा राख्दै सिनेमा हलहरूलाई धेरै सो उपलब्ध गराउन समेत आग्रह गरेका छन्।

मराठा साम्राज्यका संस्थापक छत्रपति शिवाजी महाराजको जीवनमा आधारित यस फिल्मलाई अभिनेता रितेश आफैंले निर्देशन गरेका हुन् भने मुख्य भूमिकामा पनि उनी स्वयं देखिएका छन्। फिल्ममा जेनेलिया देशमुख, सञ्जय दत्त, विद्या बालन, अभिषेक बच्चन र महेश मान्जरेकर जस्ता दिग्गज कलाकारको पनि अभिनय छ।

रितेशका कान्छा छोरा राहिल देशमुखले यस फिल्ममा छत्रपति शिवाजी महाराजको बाल्यकालको भूमिका निर्वाह गर्दै अभिनयमा डेब्यु गरेका छन्।

जियो स्टुडियोज, ज्योति देशपाण्डे र जेनेलिया डिसुजाले निर्माण गरेको फिल्म आगामी मे १ (वैशाख १८ गते) देखि नेपालमा प्रदर्शनमा आउनेछ। मिडिया रिपोर्टका अनुसार फिल्मको बजेट १०० करोड भारतीय रुपैयाँभन्दा बढी छ।

देशमुखले निर्देशन गरेको यसअघिको मराठी फिल्म 'वेड' व्यावसायिक रूपमा निकै सफल भएको थियो, जसका कारण 'राजा शिवाजी' प्रति दर्शकको ठूलो अपेक्षा छ।

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ। कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ।
वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ।
मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न।
कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ। ऐश्वर्य प्राप्ति, सन्तोष होला।
सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ।
कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न। त्यसपछि भने लाभ, सफलता होला।
तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला।
वृश्चिक : दिन शुभ फलदायक छ। स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ।
धनु : समय बलवान् छ। मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ।
मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ।
कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ।
मीन : तपाईंका लागि समय शुभ छ। परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू


| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# एआई प्रयोगले बौद्धिक क्षमतामा असरको चेतावनी

हाम्रो मस्तिष्क सधैं सजिलो बाटो खोज्ने प्रवृत्तिमा अभ्यस्त हुन्छ । पछिल्लो समय कृत्रिम बुद्धिमत्ता (एआई)ले जीवनका धेरै काम सहज बनाइदिएको छ । लामो समय र मेहनत लाग्ने कामहरू केही क्षणमै सम्पन्न गर्न सकिने भएपछि यसको उपयोग तीव्र गतिमा बढिरहेको छ । तर यही सहजतासँगै मान्छेको सिर्जनशीलता र बौद्धिक अस्तित्व कमजोर हुन सक्ने बहस प्राज्ञिक वृत्तमा तीव्र बन्दै गएको छ ।



निश्चय नै, एआईले हाम्रो दैनिक जीवनलाई सरल र छरितो बनाएको छ । तर यसले हाम्रो सोच्ने, विश्लेषण गर्ने र बुझ्ने क्षमतामा कस्तो प्रभाव पारिरहेको छ भन्ने प्रश्न गम्भीर रूपमा उठ्न थालेको छ । च्याटजीपीटी, जेमिनाई र क्लडजस्ता लार्ज ल्याङ्गुवेज मोडलहरूले हामीले आफैंले सोच्नुपर्ने कामहरू गर्न थालेपछि वैज्ञानिकहरूले यसप्रति सावधानी अपनाउन आग्रह गरिरहेका छन् ।

विशेषज्ञहरूका अनुसार बौद्धिक कामको 'आउटसोर्सिङ'–अर्थात् आफ्नै काम अरूलाई गराउने प्रवृत्ति–मानवका लागि दीर्घकालीन रूपमा महँगो सावित हुन सक्छ ।

म्यासाचुसेट्स इन्स्टिच्युट अफ टेक्नोलोजी (एमआईटी)की अनुसन्धान वैज्ञानिक नाताल्या कोस्मिनाले विद्यार्थीहरूमा देखिएको एउटा रोचक तर चिन्ताजनक परिवर्तन औंल्याएकी छन् । उनका अनुसार इन्टर्नशिपका लागि आउने आवेदनहरू एकै प्रकारका हुन थालेका छन् । साथै विद्यार्थीहरूले सिकेका कुरा पहिलेभन्दा छिट्टै बिर्सने प्रवृत्ति देखिएको छ ।

यसै सन्दर्भमा गरिएको एक अध्ययनमा ५४ जना विद्यार्थीलाई सहभागी गराइएको थियो । अध्ययनअनुसार निबन्ध लेख्दा एआई प्रयोग गर्ने विद्यार्थीहरूको मस्तिष्क सक्रियता, प्रयोग नगर्नेहरूको तुलनामा करिब ५५ प्रतिशत कम देखिएको थियो । सिर्जनशीलता र सूचना प्रशोधनसँग सम्बन्धित मस्तिष्कका भागहरू एआई प्रयोग गर्दा निष्क्रियजस्तै देखिएका थिए ।

अझ चिन्ताजनक पक्ष के थियो भने एआईको सहयोगमा निबन्ध लेख्ने विद्यार्थीहरूले काम सकिएपछि आफूले के लेखे भन्ने कुरा सम्झनसमेत सकेनन् । उनीहरूमा आफ्नो कामप्रति अपनत्वको भावना कम देखिएको थियो ।

यस अनुसन्धानले 'कग्निटिभ अफलोडिङ'–अर्थात् दिमागले गर्नुपर्ने काम मेसिनलाई सुम्पने प्रक्रियाले–मानव मानसिक क्षमतामा नकारात्मक प्रभाव पारिरहेको पुष्टि गरेको छ । यसैलाई केही अनुसन्धानकर्ताहरूले 'कग्निटिभ सरेन्डर' अर्थात् मानसिक आत्मसमर्पण पनि भनेका छन्, जहाँ मान्छेले आफ्नै विवेकभन्दा बढी एआईमाथि निर्भर हुन थाल्छ ।

कम्प्युटेसनल न्यूरोवैज्ञानिक भिभियन मिङका अनुसार गहिरो र तार्किक सोच्ने क्षमता नै मानवको सबैभन्दा ठूलो शक्ति हो । तर एआईमा अत्यधिक निर्भर हुँदा दिमागले आवश्यक कसरत पाउँदैन ।

अनुसन्धानहरूले मस्तिष्कको 'गामा वेभ' सक्रियता घट्दा दीर्घकालीन रूपमा बौद्धिक ह्रास वा डिमेन्सियाको जोखिम बढ्न सक्ने संकेत दिएका छन् । एआईको अत्यधिक प्रयोगले यस्तो प्रभाव पार्न सक्ने बताइएको छ । जस्तै, गुगल म्याप्सको निरन्तर प्रयोगले मानिसको दिशा सम्झने क्षमता कमजोर बनाएको उदाहरण दिइन्छ ।

मेडिकल क्षेत्रमा गरिएको एक अध्ययनले एआईको सहयोगमा क्यान्सर पहिचान गर्ने चिकित्सकहरू पछि एआई बिना रोग पहिचान गर्न कमजोर बनेको देखाएको छ । यसले अत्यधिक निर्भरता कति जोखिमपूर्ण हुन सक्छ भन्ने संकेत गर्छ ।

*समाधान र चुनौती*

विज्ञहरू एआईलाई पूर्ण रूपमा निषेध गर्नुपर्ने पक्षमा छैनन् । बरु यसको सन्तुलित र सचेत प्रयोगमा जोड दिन्छन् । भिभियन मिङका अनुसार 'हाइब्रिड इन्टेलिजेन्स'–मानव र मेसिनको सहकार्य–उत्तम विकल्प हुन सक्छ, जहाँ सोच्ने मूल जिम्मेवारी मानवकै हुन्छ ।

यसका लागि केही उपायहरू सुझाइएका छन्:

*१. नेमेसिस प्रम्प्ट*

एआईसँग सिधै उत्तर माग्नुको सट्टा आफ्ना विचारहरूलाई चुनौती दिन लगाउने । यसले तर्कशक्ति र गहिरो सोच विकास गर्न मद्दत गर्छ ।

*२. उत्पादक घर्षण*

एआईबाट सिधै उत्तर लिनु भन्दा सही उत्तरतर्फ मार्गदर्शन गर्ने प्रश्नहरू मात्र सोध्ने । यसले सिकाइ प्रक्रियालाई सक्रिय बनाउँछ ।

*३. पहिले मौलिक सिकाइ*

कुनै पनि विषयको आधारभूत ज्ञान एआई बिना नै हासिल गर्ने, त्यसपछि मात्र एआईको सहयोग लिने ।

यसरी एआईको सन्तुलित प्रयोग गर्दै मानवको मौलिक सोच र सिर्जनशीलता जोगाउनु आजको प्रमुख चुनौती बनेको छ ।

# पश्चिम बंगाल मतदानपछि भाजपा ११० सिटको दाबी





एजेन्सी/ काठमाडौं ११ वैशाख । भारतको पश्चिम बंगालमा बिहीबार पहिलो चरणको मतदान सम्पन्न भएको छ । मतदानपछि केन्द्रीय गृहमन्त्री तथा भारतीय जनता पार्टी (भाजपा)का वरिष्ठ नेता अमित शाहले पहिलो चरणमा निर्वाचन भएका १५२ सिटमध्ये आफ्नो पार्टीले ११० सिट जित्ने दाबी गरेका छन् ।

शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उनले भने, "हामीलाई प्राप्त जानकारीअनुसार बंगालका जनताले आफ्नो भविष्य पहिलो चरणमै तय गरिसकेका छन् । त्यहाँ उल्लेखनीय मतदान भएको छ, जसले परिवर्तनको संकेत गर्छ ।"

उनले थपे, "अब 'दिदी' जानेवाला छन्, भाजपा आउनेवाला छ । भय जानेछ र भरोसा आउनेछ ।" यहाँ 'दिदी' भनेर उनले पश्चिम बंगालकी मुख्यमन्त्री ममता बनर्जीलाई संकेत गरेका हुन्, जसको नेतृत्वमा पार्टीले पछिल्ला तीनवटा निर्वाचन जित्दै आएको छ ।

शाहले पश्चिम बंगालमा आगामी मुख्यमन्त्री स्थानीय पृष्ठभूमिको हुनेसमेत दाबी गरेका छन् । "अबको मुख्यमन्त्री बंगालमै जन्मिएको, बंगाली माध्यममा अध्ययन गरेको र बंगाली बोल्ने व्यक्ति हुनेछ । त्यो तपाईंको भतिजो होइन, भाजपा कार्यकर्ता हुनेछ," उनले भने ।

## सुकुमवासी..........

एमालेले जबरजस्ती विस्थापन अन्तिम विकल्प हुन नसक्ने भन्दै प्रभावित परिवारसँग पूर्वपरामर्श, वैकल्पिक आवास, क्षतिपूर्ति र पुनर्वासको व्यवस्था गर्न सरकारसँग माग गरेको छ । साथै बालबालिका, महिला, ज्येष्ठ नागरिक र अपाङ्गता भएका व्यक्तिको विशेष संरक्षण सुनिश्चित गर्नुपर्नेमा पनि जोड दिएको छ ।

देशभर करिब १२ लाख भूमिहीन दलित, सुकुमवासी तथा अव्यवस्थित बसोबासी रहेको अनुमान गरिएको छ ।

## महोत्तरीमा.........

कार्यालयले आवेदन फाराम भर्दा आफ्नो ठेगाना तथा सम्पर्क विवरण स्पष्ट र सही रूपमा उल्लेख गर्न सेवाग्राहीलाई आग्रह गरेको छ । साथै, सेवा प्रभावकारी रूपमा कार्यान्वयन गर्न सम्बन्धित निकायबीच समन्वयलाई थप मजबुत बनाइने उद्देश्यसहित जिल्ला प्रशासन कार्यालय महोत्तरीका प्रशासकीय अधिकृत कामेश्वर यादव र जिल्ला हुलाक कार्यालय महोत्तरीका हुलाक अधिकृत रामचन्द्र साहले समझदारीपत्रमा हस्ताक्षर गरी राहदानी वितरण सेवा सुरु गरिएको हो ।

# ग्यास्ट्राइटिस बढाउने खाना र जोगिने उपाय

पछिल्लो समय स्वास्थ्यभन्दा स्वादलाई प्राथमिकता दिने बानीका कारण ग्यास्ट्राइटिस (ग्यास्ट्रिक) समस्या जटिल चुनौतीका रूपमा देखा परेको छ । चिकित्सकहरूका अनुसार अत्यधिक मात्रामा तयारी तथा अस्वस्थ खानेकुराको प्रयोगले यो समस्या झन् बढ्दै गएको छ ।

पेट तथा कलेजो रोग विशेषज्ञ डा. विधाननिधि पौडेल का अनुसार चिया, कफी, चुरोट, सुर्तीजन्य पदार्थ तथा चिल्लो-तारेको खानेकुराको अत्यधिक सेवन ग्यास्ट्रिक बढ्नुका मुख्य कारण हुन् । त्यस्तै लामो समय खाली पेट बस्नु, मैदाजन्य परिकार, मद्यपान, अमिलो फलफूल र एउटै तेल बारम्बार प्रयोग गरी पकाइएको खानाले पेटमा एसिडको मात्रा बढाएर समस्या झन् जटिल बनाउँछ ।

*ग्यास्ट्रिक बढाउने ७ प्रमुख खानेकुरा*

१. *चिल्लो र तारेका परिकार:* धेरै तेलमा तारेका समोसा, पकौडा तथा पुनः प्रयोग गरिएको तेलले ग्यास्ट्रिकको जोखिम बढाउँछन् ।

२. *अमिलो (साइट्रस) फलफूल:* कागती, सुन्तला, निबुवा, भोगटे र टमाटरजस्ता खानेकुराले पेटमा एसिड बढाउँछन् ।

३. *धेरै मसलेदार खाना:* बढी खुर्सानी र मसला प्रयोग गरिएका खानेकुराले पेट पोल्ने र सुन्निने समस्या निम्त्याउँछन् ।

४. *जंक तथा प्याकेट फुड:* चाउचाउ, बिस्कुटजस्ता तयारी खानेकुरामा हुने रसायन र 'प्रिजर्भेटिभ'ले पाचन प्रणालीमा असर पार्छ ।

५. *मैदाजन्य परिकार:* पचाउन गाह्रो हुने भएकाले पेट फुल्ने र ग्यास्ट्रिक बढ्ने सम्भावना हुन्छ ।

६. *दूधको चिया र कफी:* कडा चिया र कफीमा हुने तत्वले एसिड बढाउँछ ।

७. *धूम्रपान र मद्यपान:* चुरोट र रक्सीले पेटको भित्री तहलाई कमजोर बनाउँदै अल्सरसम्मको जोखिम बढाउँछ ।

*ग्यास्ट्रिकबाट जोगिने ७ उपाय*

समयमै खाना खाने बानी: लामो समय खाली पेट नबस्ने ।

स्वस्थ आहार: हरियो सागसब्जी, सलाद र ताजा फलफूल नियमित खाने ।

अस्वस्थ खानाबाट टाढा रहने: पिरो, चिल्लो, तारेको र प्रशोधित खानेकुरा सकेसम्म नखाने ।

पर्याप्त पानी पिउने: शरीरलाई हाइड्रेटेड राख्न दैनिक पर्याप्त पानी सेवन गर्ने ।

नियमित व्यायाम: बिहान हिँडडुल, योग वा अन्य शारीरिक गतिविधि गर्ने ।

तनाव नियन्त्रण: मानसिक तनाव कम गर्ने र पर्याप्त निन्द्रा लिने ।

खाने तरिका सुधार्ने: खाना राम्ररी चपाएर खाने र खाएपछि तुरुन्तै नसुती केही समय हिँड्ने ।

स्वस्थ जीवनशैली अपनाउनु नै ग्यास्ट्रिकबाट जोगिने सबैभन्दा प्रभावकारी उपाय हो ।



# धनुषामा अतिक्रमण हटाउने अभियान तीव्र

दैनिक समाचारदाता
जनकपुरधाम, ११ वैशाख । धनुषा जिल्लाका अधिकांश स्थानीय तहले सडक तथा सार्वजनिक जग्गा अतिक्रमण गरी निर्माण गरिएका संरचना हटाउन सक्रिय भएका छन् । मिथिला, गणेशमान चारनाथ, छिरेश्वरनाथ, मिथिला बिहारी र सहिदनगरलगायतका स्थानीय तहले पूर्वसूचना जारी गर्दै अतिक्रमित भवन तथा संरचना हटाउने अभियान सञ्चालन गरेका हुन् ।



यसै क्रममा मिथिला नगरपालिकाले पहिलो चरणमा ढल्केबर चोक क्षेत्रमा पूर्व-पश्चिम लोकमार्ग तथा सहायक मार्ग मिचेर बनाइएका पक्की भवन र टहरा हटाउन सुरु गरेको छ । सडक विस्तार तथा व्यवस्थित सहरी विकासलाई ध्यानमा राख्दै अतिक्रमण हटाउने कार्य अघि बढाइएको नगरप्रमुख महेन्द्र महतोले बताउनुभयो ।

उहाँले सार्वजनिक तथा सडक मापदण्ड मिचेर निर्माण गरिएका सबै संरचना खाली गराइने जनाउँदै पूर्वसूचनासहित अभियान सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँका अनुसार पूर्व-पश्चिम लोकमार्ग र दुर्गा मन्दिर सहायक मार्ग क्षेत्रमा रहेका अतिक्रमित संरचना क्रमशः हटाइने छन् । सडकको मापदण्ड कायम गरी आवागमन सहज बनाउने तथा सार्वजनिक सम्पत्तिको संरक्षण गर्ने उद्देश्यले अभियान सञ्चालन गरिएको उहाँको भनाइ छ ।

यसैगरी, छिरेश्वरनाथ नगरपालिकाका नगरप्रमुख सुखदेव यादवले सार्वजनिक स्थान तथा सडकपेटीमा राखिएका अनावश्यक सामग्री हटाउन सुरु गरिएको बताउनुभयो । उहाँका अनुसार तीन दिनदेखि उक्त अभियान सञ्चालनमा रहेको छ र सडकलाई व्यवस्थित, सुरक्षित तथा सुन्दर बनाउने लक्ष्य राखिएको छ ।उक्त अभियान क्रमशः नगरपालिकाका सबै १० वटै वडामा विस्तार गरिने जनाउँदै नगरप्रमुख यादवले नगरवासीलाई आफ्ना घरअगाडि राखिएका अतिक्रमित सामग्री हटाउन आग्रह गर्नुभएको छ ।

सहिदनगर नगरपालिकाका नगरप्रमुख दिनेशप्रसाद यादवले सहिदनगर क्षेत्रका मुख्य सडकबाट अतिक्रमण हटाइसकिएको र अन्य स्थानमा पनि अभियान जारी रहेको जानकारी दिनुभयो । उहाँका अनुसार पूर्वसूचना दिएपछि पनि खाली नगरिएका स्थानमा नगरपालिकाले जेसिबी प्रयोग गरी अतिक्रमण हटाएको छ । यस क्रममा हुने सम्भावित क्षतिको जिम्मेवारी सम्बन्धित व्यक्तिले नै वहन गर्नुपर्ने उहाँले स्पष्ट पार्नुभयो ।

सडकपेटी खाली गर्ने क्रममा स्थानीयवासीलाई केही समय असहजता भए पनि दीर्घकालीन रूपमा यो अभियान सबैका लागि लाभदायक हुने नगरप्रमुख यादवले बताउनुभयो । उहाँले सडकपेटी अतिक्रमणका कारण सवारी दुर्घटना बढ्नुका साथै आगलागी जस्ता विपत्का बेला दमकल समयमै पुग्न कठिनाइ हुने समस्या देखिएकाले अभियानलाई तीव्रता दिइएको उल्लेख गर्नुभयो ।

# दलितमाथि भएका अमानवीय घटनाविरुद्ध कडा कारबाहीको माग

दैनिक समाचारदाता
जनकपुरधाम, ११ वैशाख । जनकपरधाम र सिन्धुलीमा घटेका दुई गम्भीर घटनाप्रति नेपाल राष्ट्रिय मुसहर संघले जनकपुरधामले भर्त्सना गरेको छ । एउटा प्रेस विज्ञप्ति जारी गर्दै संघले ती घटनालाई अमानवीय, क्रूर र मानवताविरुद्धको कार्य भन्दै दोषीमाथि कडा कानुनी कारबाहीको माग गरेको छ ।

प्रेस विज्ञप्तिअनुसार, जनकपुरधाममा १४ वर्षीया एक दलित किशोरीलाई प्रलोभनमा पारेर अपहरण गरी सात दिनसम्म बन्धक बनाई सामूहिक बलात्कार गरिएको घटना सार्वजनिक भएको छ । हाल पीडित किशोरीको अवस्था गम्भीर रहेको र उपचाररत रहेको उल्लेख गर्दै संघले उक्त घटनाले दलित तथा गरिब समुदायमाथि भइरहेका योजनाबद्ध अत्याचारको चरम रूप उजागर गरेको जनाएको छ ।

त्यस्तै, सिन्धुलीमा प्रहरी हिरासतभित्रै एक दलित युवकको रहस्यमय मृत्यु भएको घटनाले राज्यका सुरक्षा निकायमाथि गम्भीर प्रश्न उठाएको संघको भनाइ छ । हिरासतजस्तो संवेदनशील स्थानमा यस्तो घटना हुनु अत्यन्त निन्दनीय र अस्वीकार्य भएको विज्ञप्तिमा उल्लेख गरिएको छ ।

संघका प्रवक्ता सुलिन्द्र सादाद्वारा जारी विज्ञप्तिमा दुवै घटनाले नेपालमा दलित तथा विपन्न समुदाय अझै पनि संरचनागत विभेद, हिंसा र अन्यायको सिकार भइरहेका स्पष्ट पारेको जनाएको छ । यस्तो अमानवीय व्यवहार कुनै पनि सभ्य समाजमा स्वीकार्य हुन नसक्ने संघको ठहर छ ।

विज्ञप्ति मार्फत केही माँगहरु पनि सारेका छन् । संघले घटनाका दोषीलाई तत्काल पक्राउ गरी कडा भन्दा कडा कानुनी कारबाही गर्न माग गरेको छ । पीडित किशोरीको निःशुल्क, गुणस्तरीय र दीर्घकालीन उपचारको सुनिश्चितता गर्नुपर्ने, साथै पीडित परिवारलाई उचित क्षतिपूर्ति र सुरक्षा प्रदान गर्नुपर्ने माग गरिएको छ ।

यसैगरी, सिन्धुली हिरासत मृत्यु प्रकरणको निष्पक्ष, स्वतन्त्र र उच्चस्तरीय छानबिन गरी दोषी प्रहरी कर्मचारीमाथि कडा कारबाही गर्न संघले जोड दिएको छ । दलित समुदायमाथि हुने यस्ता घटनाहरू रोक्न विशेष सुरक्षा योजना लागू गर्नुपर्ने माग पनि गरिएको छ ।

संघले चेतावनी दिँदै यस्ता जघन्य घटनामा संलग्न दोषीहरूलाई कानुनी दायरामा ल्याई न्याय दिलाउन ढिलाइ गरिए देशव्यापी सशक्त आन्दोलन गर्न बाध्य हुने उल्लेख गरेको छ ।

अन्त्यमा, पीडितहरूप्रति गहिरो सहानुभूति व्यक्त गर्दै संघले शीघ्र न्याय र दोषीमाथि कडा कारबाहीको पुनः माग गरेको छ ।

# कच्चा पदार्थ अभावले हेटौँडा सिमेन्ट उद्योग बन्द

बागमती, ११ वैशाख । लामो समयदेखि आर्थिक सङ्कट झेल्दै आएको हेटौँडा सिमेन्ट उद्योग कच्चा पदार्थ अभावका कारण बन्द भएको छ । गत महिना क्लिङ्कर उत्पादन गरेको उद्योगले आवश्यक कच्चा पदार्थ नपाएपछि उत्पादन रोकेको हो ।

उद्योगका सहायक प्रबन्धक भक्तिराम श्रेष्ठका अनुसार कोइला, ढुङ्गालगायत आवश्यक कच्चा पदार्थ अभावका कारण उद्योग सञ्चालनमा कठिनाइ भएको हो । "कच्चा पदार्थ आपूर्तिका लागि सम्झौता भए पनि रकम अभाव देखाउँदै ठेकेदारले ढुवानी गर्न नसकेकाले उद्योग बन्द गर्नुपरेको छ," उहाँले भन्नुभयो ।

उद्योगमा मौज्दात कच्चा पदार्थबाट करिब पाँच हजार टन क्लिङ्कर उत्पादन गरिएको र हाल सिमेन्ट 'प्याकेजिङ'को काम भइरहेको जनाइएको छ । दैनिक १६ हजार बोरा सिमेन्ट उत्पादन क्षमता रहेको उद्योग प्रायः बन्द अवस्थामै रहँदै आएको छ ।

क्लिङ्कर उत्पादनका क्रममा उद्योगका मेसिनमा समस्या देखिएकाले हाल मर्मत कार्यसमेत भइरहेको छ । आर्थिक अभावकै कारण कर्मचारीहरूले पछिल्लो १० महिनादेखि तलब पाउन सकेका छैनन् ।उद्योगमा १६६ जना स्थायी, १०० जना दैनिक ज्यालादारी र ५२ जना सुरक्षाकर्मी कार्यरत छन् ।

विसं २०३३ मा हेटौँडाको लामसुरेमा स्थापना भएको उक्त उद्योगले विसं २०४३ देखि सिमेन्ट उत्पादन सुरु गरेको थियो । (रासस)

# महँगीले सप्तरीका विपन्नको जीवन कष्टकर

दैनिक समाचारदाता
सप्तरी, ११ वैशाख । शासन सत्ता फेरिए पनि सप्तरीका जनताको जीवनशैलीमा अपेक्षित परिवर्तन आएको छैन । विपन्नदेखि मध्यम वर्गका परिवारसम्मको जीवनयापन झन् कठिन बन्दै गएको छ । गरिबीको समस्या दिनप्रतिदिन गहिरिँदै गएको स्थानीयवासी बताउछन् ।



नयाँ सरकार आएपछि सहज जीवनयापन गर्न पाइएला भन्ने आशा बोकेका सप्तरीवासी अहिले महँगीको चपेटामा परेर समस्या भोग्न बाध्य भएका छन् । अहिले खाद्यान्न, पेट्रोलियम पदार्थ, लत्ताकपडा लगायतका वस्तुमा मूल्य वृद्धि भएपछि दैनिक खर्च धान्न कठिन भएको राजविराज नगरपालिका-१ रामटोलकी ६० वर्षीया पारो देवी रामले बताउनुभयो । उहाँले भन्नुभयो, "हामी मुसहर समुदायले दिनदिनै मजदुरी गरेर जीविकोपार्जन गर्नुपर्ने बाध्यता छ । छ जनाको परिवारमा कमाउने एक जना मात्र भएकाले आम्दानी सीमित छ, खर्च धेरै छ । सरकार परिवर्तनसँगै बढेको महँगीका कारण परिवार धान्न पहिलेभन्दा अहिले झन् कठिन भएको छ ।" पछिल्लो समयमा मूल्य वृद्धिले जनताको अवस्था झन् कठिन बनाएको सोही ठाउँकी कपुरी देवी रामले बताउनुभयो । उहाँले भन्नुभयो, "आम्दानी एक पैसा पनि बढेको छैन तर महँगी भने अत्यधिक बढेको छ । कसरी परिवार चलाउने भन्ने अन्योलमा छु, कहिलेकाहीँ भोकै बस्नुपर्ने बाध्यता हुन्छ ।"विपन्न र निम्न वर्गका जनताले सहज रूपमा जीविकोपार्जन गर्न पाउने वातावरण बनाउन तथा बढ्दो महँगी नियन्त्रण गर्न सरकार जिम्मेवार हुनुपर्ने राजविराज-२ का बुद्धिजीवी पुरुषोत्तम देवले बताउनुभयो ।उहाँका अनुसार, मूल्य वृद्धिका कारण सर्वसाधारणले सास्ती भोगिरहेका बेला सीमा नाकामा कडाइ गरिँदा सस्तो सामान खरिद गर्ने विकल्प पनि बन्द भएको छ, जसले आर्थिक अवस्था कमजोर भएका परिवारलाई झन् समस्या थपेको छ ।

# उपहार पठाउने बहानामा ठगी गर्ने पक्राउ

दैनिक समाचारदाता
काठमाडौं, ११ वैशाख । काठमाडौं उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले अनलाइनमार्फत पार्सल तथा उपहार पठाउने बहानामा ठगी गर्ने एक जनालाई पक्राउ गरी आज सार्वजनिक गरेको छ ।

पक्राउ पर्नेमा इलामको फाकफोकथुम गाउँपालिका-६ का २७ वर्षीय सुजन लिम्बू (सुशन थेगिम लिम्बू) रहेको कार्यालयका प्रवक्ता एवं प्रहरी उपरीक्षक रामेश्वर कार्कीले जानकारी दिए ।

उनका अनुसार अभियुक्तले सामाजिक सञ्जाल टिकटकमा 'रोहन राजपुत' नाम प्रयोग गरी नेपाली महिलासँग साथी बनेर कुराकानी गर्ने र युएस डलर, गरगहना लगायतका उपहार काठमाडौंस्थित एयरपोर्टमा रहेको डिएचएल कम्पनीको शाखामा आइपुगेको भन्दै कस्टम शुल्कका नाममा रकम असुल्ने गरेको आरोप छ । सोही क्रममा उनले एक महिलाबाट करिब दुई लाख रुपैयाँ ठगी गरेको प्रहरीले जनाएको छ ।

त्यस्तै, सामानको कर तिर्नुपर्ने भन्दै उनले व्हाट्सएप नम्बर ९७००४३५३३१ बाट सम्पर्क गरी विभिन्न बैंक खातामा रकम जम्मा गर्न लगाउने गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ । उक्त नम्बरमार्फत ४० भन्दा बढी नेपाली महिलासँग सम्पर्क गरिएको समेत प्रहरीले जनाएको छ ।

# एमाले प्रमुख सचेतकमा ऐन महर

दैनिक समाचारदाता
काठमाडौं, ११ वैशाख । नेकपा एमालेको प्रमुख सचेतकमा ऐन महर चयन भएका छन् ।संसदीय दलका नेता रामबहादुर थापाले उनलाई प्रमुख सचेतक नियुक्त गरेका हुन् । महर बझाङबाट प्रत्यक्षतर्फ निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् ।उनले आफूले जिम्मेवारी पाउँदा खुसी लागेको बताउँदै पूर्ण निष्ठा र इमानदारिताका साथ जिम्मेवारी बहन गर्ने बताएका छन् ।




विहानको सुरुवात ताजा समाचारसँगै । विहान-विहानै देश-दुनियाँका ताजा, विश्वसनीय र विश्लेषणात्मक समाचार पढ्नुस् –तपाईंको आफ्नै पत्रिका । साथै जहाँ पत्रिका उपलब्ध छैन त्यहाँका लागि-
Website www.esamachardainik.com

राष्ट्रिय दैनिक समाचार दैनिक जनकपुर

'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रक: न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालय: विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४